# २०७४।११।१६ गते बसेको सचिव बैठकको

## निर्णयहरु :-

१. प्रदेश अधिकार सूची र आ-आफ्नो मन्त्रालयको कार्य विवरण अध्ययन गरी आगामी बजेट, नीति तथा कार्यक्रमको लागि प्रत्येक मन्त्रालयहरुले एक पेजमा १०।१० बुँदा टिपोट गरी ७ (सात) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

२. यही फागुन २९ गते मुख्यमन्त्रीज्यूबाट विश्वासको मत लिने सम्भावना रहेकोले सो समयमा वहाँले गर्ने सम्बोधन (Speech) को मस्यौदा कानून सचिवज्यू ले तयार गर्ने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले बजेट तयारीका लागि सबै मन्त्रालयहरुमा पत्राचार गरी आ-आफ्नो मन्त्रालयको बजेटको मागपत्र तयार गरी पेश गर्न फागुन मसान्त सम्मको समय दिने ।

४. आगामी बजेट भाषणको मस्यौदा आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गर्ने साथै आर्थिक कार्यविधि ऐन, सार्वजनिक खरिद ऐन, विनियोजन ऐन र पेश्की खर्च ऐन समेतको मस्यौदा तयार गर्ने ।

# साचिव स्तरीय बैठक निर्णय - २०७४।१०।२२

## निर्णयहरु :-

१. आज मिति २०७४।१०।२२ गते यस प्रदेश नं ४ को प्रथम प्रदेश सभाको बैठक सफलता पूर्वक सम्पन्न भएकोमा प्रदेश सभा सचिवालय र सचिवालयका सवै कर्मचारी एवं पदाधिकारीहरु साथै उक्त कार्यमा सहयोग पुर्याउने सम्बद्ध सबै निकाय एवं कर्मचारीलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. आज पदस्थापन हुनु भएका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री धर्मराज कुईकेल, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा.श्री बुद्धिसागर पौडेल एवं भूमि, कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री शरद्चन्द्र श्रेष्ठलाई बैठकमा स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

३. प्रदेश नं ४ को प्रदेश सभाको पहिलो बैठक सम्पन्न भएको र अव निकट भविष्यमा प्रदेश मन्त्रिपरिषद्को गठन हुने र नव नियुक्त माननीय मन्त्रीज्यूहरुलाई सवारी साधनहरु उपलब्ध गराउन पर्ने भएकोले यस प्रदेश क्षेत्राधिकार भित्र रहेका सरकारी सवारी साधनलाई प्रदेश वाहिर पठाउँदा प्रदेश नं ४ को आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वीकृत, लिएर मात्र पठाउने निर्णय गरियो।

४. प्रदेश नं ४ मा सवारी साधनको अभाव भएकोले भूमि सुधार तथा व्यवस्था मन्त्रालयको बा. २ झ २६०५ नं को हाल मालपोत कार्यालय कास्कीमा रहेको सवारी साधन, यस प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा कास्की लाई हस्तान्तरण गर्न सम्बन्धित मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

५. प्रदेश नं ४ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं अन्य सवै मन्त्रालयहरुमा स्वीकृत दरवन्दी भित्रका कर्मचारीहरु व्यवस्थापन नभएसम्मका लागि कम्तिमा २।२ जना कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालकलाई करारमा राख्ने स्वीकृतीका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

६. सबै सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयका मन्त्रीज्यूहरुको कार्यकक्ष, आवास, एवं सवारी साधन तथा मन्त्रालय तोकिएका कार्यालय भवनहरुको व्यवस्थापन गर्ने ।

०७४।१०।२८ को सचिवस्तरीय बैठकको निर्णय

निर्णयहरु :-

१. पदस्थापन भइ आज पदवहाल हुनु भएका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री विष्णुराज ढकाल एवं सामाजिक विकास मन्त्रायका सचिव श्री कृष्ण मुरारी न्यौपानेलाई बैठकमा स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो

२. सवै सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयमा खटिएका कर्मचारीहरुलाइ अविलम्ब हाजिर गराउने व्यवस्था मिलाउने ।

३. सवै सचिवज्यूहरुले आ-आफ्नो मन्त्रीज्यूहरुको कार्यकक्ष, आवास एवं सवारी साधन तथा मन्त्रालय तोकिएका कार्यलय भवनहरुको व्यवस्थापन गर्ने ।

४. गृह मन्त्रालयको च.नं. ८०७ मिति २०७४।१०।२५ को पत्रानुसार यही फागुन ६, ७ र ८ गते प्रजातान्त्र दिवस भव्य रुपमा मनाउन आन्तरिक व्यवस्था तथा कानून मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

५. प्रदेश प्रमुखले प्रदेश सभामा प्रस्तुत गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने भएकोले प्रत्येक मन्त्रालयले चालु आ.व. को बाँकी अवधिका लागि आ-आफ्नो मन्त्रालयको बजेट तथा कार्यक्रम र आगामी आ.व. को बजेट तथा कार्यक्रमको खाका बनाइ आर्थिक मामिला तथा योजना मन्त्रालयमा फागुन १५ गते भित्र पेश गर्ने ।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयले संविधानको धारा ५९ र ६० तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको परिधिभित्र रही प्रदेश कानून बनाउन आवश्यक मस्यौदा तयार गर्ने ।

७. प्रदेश सरकारको अधिकार सूचि भित्रका आयोजना एवं कार्यक्रमहरुको चालु वर्षको वजेट विनियोजनको आधारमा विवरण तयार गर्ने ।

८. सवै मन्त्रालयले नेपालको संविधान बमोजिम बनाउनु पर्ने प्रदेश कानूनको तर्जुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिवसँग समन्वय गरी मस्यौदा कानून बनाउने ।